नेपाल सरकार
Government of Nepal
# कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
## Ministry of Agricultural, Land Management and Cooperatives
सिंहदरबार, काठमाडौं, नेपाल
Singhadurbar, Kathmandu, Nepal

# एकिकृत बाली पात्रो - लसुन खेती (Integrated Crop Calendar– Garlic)

| महिना | बैशाख | | | | जेष्ठ | | | | अषाढ | | | | श्रावण | | | | भाद्र | | | | आश्विन | | | | कार्तिक | | | | मंसिर | | | | पुष | | | | माघ | | | | फाल्गुण | | | | चैत्र | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हप्ता | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| मौसम | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |


उत्पादित लसुन


बिउ लसुन


लसुन रोपाई


लगाएको लसुन

लसुन प्याजकै परिवारमा पर्ने गाना हुने विरुवा हो । लसुन औषधीको रुपमा र तरकारी वा अन्य परिकारमा स्वादिलो बनाउनमा हरियो वा सुकेको अवस्थामा प्रयोग गरिन्छ । यसलाई वीउका केस्राबाट रोपी खेती गर्न सकिन्छ ।

**हावापानी** : लसुन प्राय: सबै खालको हावापानीमा खेती गर्न सकिन्छ । तराईमा हिउँद र मध्यपहाडमा हिउदे तथा बसन्ते बालीका रूपमा खेती गर्न सकिन्छ । बोटको वानस्पतिक विकासको लागि चिसो मौसम (१० देखि २० डिग्री तापक्रम) र गानोको विकासको लागि केहि न्यानो र सुख्खा मोसम (१८ देखि २५ डिग्री) उपयुक्त हुन्छ ।



**माटो** : लसुन प्राय: सबै प्रकारको माटोमा खेती गर्न सकिन्छ, तापनि प्राङ्गरिक पदार्थ धेरै भएका र हल्का अम्लीय (पी. एच. ५.८ देखि ६.८) प्रकारको माटो उपयुक्त हुन्छ ।

**लगाउने समय** : तराईमा कार्तिक देखि मंसिरको पहिलो हप्तासम्म लसुन रोप्ने उपयुक्त समय हो । पहाडी क्षेत्रमा (१५०० मिटरसम्म) भाद्रको चौथो हप्ता देखि कार्तिकको पहिलो हप्तासम्म लसुन लगाउने उपयुक्त समय हो । उच्च पहाडमा चैत्र देखि बैशाखसम्म लसुन लगाईन्छ ।

**जमिनको तयारी** : लसुन खेतीका लागि जमिन छनौट गर्दा पानी नजम्ने हुनुपर्छ । हिउदे बालीलाई जमिनको सतहबाट १५ से.मि. तल झारी बेड बनाउनु पर्छ भने बर्षे बालीलाई जमिनको सतहबाट १५ से. मि. अग्लो बनाउनुपर्छ । जमिनलाई ४-५ पटक खनजोत गरी माटो बुरबुराउँदो र हल्का बनाउनुपर्छ । बेड बनाउँदा १ मिटर चौडाइ र आवश्यकतानुसार लम्बाई बनाउनु पर्दछ ।



**मलखाद** : जमिन तयार गर्ने बेलामा १० किलोग्राम राम्रो कुहिएको गोबरमल प्रति वर्ग मिटर दरले राम्रोसँग मिलाउनुपर्दछ । रासायनिक मल राख्दा जमिनको अन्तिम तयारीमा ४ किलोग्राम डी.ए.पी. र ३ किलोग्राम म्युरेट ओफ पोटास प्रति रोपनीमा एकनाशले छरी माटोमा मिलाउनु पर्दछ । १.५ किलोग्राम युरिया प्रति रोपनीका दरले रोपेको ३०-४० दिन र ६०-७० दिनमा गोडमेल गर्दा दुई पटक टप ड्रेसिङ्ग गर्नुपर्दछ ।

**रोप्ने तरिका** : लसुन रोप्दा हार देखि हारको दूरी १५ से.मि. र बोट देखि बोटको दूरी १० से.मि. सानो कोदालो वा कुटोले धर्सा कोरी लगाउनु पर्दछ । लसुन रोप्दा ५-६ से. मि. गहिरो गरी टुसा आउने भाग माथि पारी रोप्नुपर्दछ ।



**बीउ दर** : लसुनको पोटी राम्रो र स्वस्थ हुनुपर्दछ । यसलाई फुटाई (छुट्याई) केस्रा निकाल्नु पर्दछ र घाउचोट पार्नुहुँदैन । राम्रो र स्वस्थ पोटी प्रति रोपनी करिब २५ किलोग्राम आवश्यक पर्दछ ।

**बीउको छनोट** : लसुनका गाना छनौट गर्दा ठूला, पोटिला, मोटो घाटी नभएका, चोटपटक नलागेका र रोग किराबाट मुक्त हुनुपर्दछ । यसरी छनौट गरिएका गानाहरुबाट रोप्नु अघि नै केस्राहरुलाई एक-एक गरी छुट्याउनु पर्दछ । केस्राहरु पनि ठूला, पोटिला (खोक्रो नभएको), स्वस्थ एवं एकनासका हुनु पर्दछ । ठूला केस्राहरु छान्दा गानोको बाहिर पट्टीका केस्राहरु छान्नु पर्दछ, भित्र पट्टीका लामा, पातला केस्राहरु बीउका लागि राम्रा हुदैंनन् ।

**जातहरू** : नेपालमा स्थानीय जातहरु मार्फा, गौदामचौर, पाटन आदि जातहरु नै बढी प्रचलनमा रहेका छन् । भारतबाट अन्य जातहरु सि.ओ.-२, यमुना सफेद-१, यमुना सफेद-२, आदि जातहरु सिफारिस भएका छन् । नेपालमा भोटे लसुन उच्च र मध्यपहाडी क्षेत्रमा खेती गर्न सकिन्छ ।



**सिंचाई** : लसुनको जरा कम गहिराईसम्म फैलने भएकाले यसलाई २ पटक सिंचाई दिनु पर्ने हुन्छ । पहिलो सिंचाई (करिब २.५ से.मि. गहिराईसम्म भिज्ने गरी) बीउ रोप्ने बित्तिकै गर्नु पर्दछ । यसै गरी बिरुवाको बृद्धि विकासको बेलामा माटोमा चिस्यानको कमी हुनुहुँदैन । स्थान बिशेषको हावापानी र माटो अनुसार लसुन बालीमा बिरुवाहरु सानो छदा ७-८ दिन र ठूलो भई सकेपछि १२-१५ दिनको फरकमा सिंचाई गर्नु पर्दछ । बाली परिपक्व हुन थाले पछि बाली भित्र्याउनु २-३ हप्ता अघि नै सिंचाई दिन बन्द गर्नुपर्दछ ।

**गोडमेल** : लसुन रोपेपछि १-१ महिनाको फरकमा कम्तिमा २ पटक हल्का (कम गहिरो) गोडमेल गर्न आवश्यक हुन्छ । गानो बन्ने बेलामा माटोलाई राम्ररी खोस्रेर हलुका बनाई दिए गाना बढ्नमा मद्दत पुग्दछ । यसपछि भने आवश्यक नदेखिएसम्म बालीमा धेरै हलचल नगर्नु नै उचित हुन्छ ।



**बाली प्रणाली एवं बाली चक्र** : सामान्यतया लसुनलाई एक्लो बालीको रूपमा लगाइन्छ । कहिँ कहिँ भने तोरी, धनिया आदि बालीसँग मिस्रित बालीको रूपमा पनि लसुनको खेती गरेको पाइन्छ । स्वस्थ एवं राम्रो उत्पादनको लागि लसुनलाई अन्य बालीहरुसँग (प्याज बाहेक) २-३ बर्षे बाली चक्रमा मिलाएर लगाउनु उपयुक्त हुन्छ ।

## कीराहरू :



१) **थ्रिप्स** : यस कीराको माउ तथा बच्चाले पात कोत्रेर खाने हुँदा पातमा सेतो धब्बा देखिन्छ । प्रकोप धेरै भएमा बोटभरि नै सेतो धब्बाले ढाक्छ । सेतो दागसँगै कीराको बिष्टा जम्मा भएर कालो दाग पनि देखिन्छ । यसको रोकथामको लागि २-३ मि. लि. क्लोरिपाइरिफस झोल प्रति लिटर पानीमा मिसाई छर्नुपर्दछ ।

२) **लाही** : लाहीको आक्रमण भएमा माउ तथा बच्चाले बोटबाट रस चुसेर खाने हुँदा बोटको बृद्धि विकास रोकिन्छ र अन्त्यमा बोट नै सुकेर जान्छ । निमजन्य बिषादी वा गँहुत प्रयोगबाट यस कीराको सफलतापूर्वक व्यवस्थापन गर्न सकिन्छ । थ्रिप्स नियन्त्रण गर्न प्रयोग गरिने रासायनिक बिषादी प्रयोग गरेर पनि लाही नियन्त्रण गर्न सकिन्छ ।

## रोगहरू :

१) **डढुवा रोग** : यो ढुसीजन्य रोग हो । यो रोगको आक्रमण भएमा पानमा स-साना बैगनी रंगका थोपाहरु देखिन्छन र क्रमश: यी थोपाहरु एक आपसमा जोडिएर पुरै पात नै डढेको जस्तो देखिन्छ । यो रोगको व्यवस्थापनको लागि बाली चक्र अपनाउनुपर्छ । रोगको लक्षण देखिएमा ब्लाईटक्स ५० धुलो वा क्रिनोकिसल गोल्ड धुलो २-३ ग्राम प्रतिलिटर पानीमा मिसाई १० दिनको अन्तरमा बोट भिज्ने गरी छर्नु पर्दछ ।



२) **डाउनी मिल्डयु** : यो रोग लागेमा रोगग्रस्त बोटको डाँढ तथा पातमा सेतो खरानी रंगको ढुसीको तह बन्दछ । रोगी बोट बिस्तारै पहेंलिन्छ । बृद्धि बिकास रोकिन्छ र अन्तमा बोट नै सुक्दछ । यो रोग देखिएमा त्यस्तो स्थानमा ३-४ वर्ष लसुन लगाउनु हुँदैन । यो रोग नियन्त्रण गर्न डाईथेन एम ४५ नामक बिषादी ३ ग्राम प्रति लिटर पानीमा मिसाई १० दिनको अन्तरमा प्रयोग गरेमा रोकथाम गर्न मद्दत पुग्दछ ।

३) **बोट तथा जरा कुहिने रोग** : गानो कुहिने समस्य भएको स्थानमा बीउ रोप्नु पूर्व प्रति लिटर पानीमा २ ग्राम बेभिष्टिन मिसाई तयार गारिएको घोलमा लसुनलाई ३० मिनट डुबाई छाँयामा सुकाएर रोप्नुपर्दछ ।

यसलाई ट्राईकोड्रमा प्रयोगबाट पनि नियन्त्रण गर्न सकिन्छ । यसका लागि ५ ग्राम निसर्ग १ लिटर पानीमा घोलेर बोटमा छर्ने वा ५०० ग्राम निसर्ग २.५ के.जी. राम्ररी पाकेको कम्पोष्ट मलमा मिसाई एक रोपनी जमिनमा मिसाउनाले यो रोगको रोकथाम गर्न सकिन्छ ।



४) **भाइरस जन्य रोग** : मोजाईक भाइरसको आक्रमण भएमा पातहरु खुम्चिन्छ र राम्ररी बढ्न सक्दैन । यसको व्यवस्थापनको लागि बोट २-३ पातको भए देखि नै दुई साताको आन्तरमा गाई वा भैसीको काँचो दूध १० देखि ३० मिलिलिटर एक लिटर पानिमा मिसाई बिहानीपख छर्ने गर्नु पर्दछ ।

**बाली भित्र्याउने** : जब लसुनका धेरै जसो (आधा भन्दा बढी) पातहरु छिप्पिएर पहेंलो वा खैरो हुदैं सुक्न थाल्दछन् तब लसुन खन्न तयार भयो भनेर बुझ्नुपर्छ । यसै गरी गाना पुष्ट एवं साह्रो हुनु र गाना बाहिरका खोष्टाहरु कागज जस्तो सुख्खा हुनु पनि लसुन बाली तयार भएको लक्षणहरु हुन् । लसुनको गाना तयार हुन तराई र गर्मी छेत्रमा १५०-१८० दिन र मध्यपहाडी भेगमा २१०-२४० दिन सम्म लाग्न सक्छ ।

**उत्पादन** : सामान्यता १ रोपनी वा १.५ कट्ठामा ५-१० क्विन्टल र १ हेक्टरमा १८-२० टन लसुनका गाना उत्पादन गर्न सकिन्छ ।

**भण्डारण** : लसुन उखेली सकेपछि ५ देखि ७ दिनसम्म सुकाउनु पर्दछ । त्यसपछि २ से.मि. घाटी रहने गरी गानो काटि अर्को १ हप्तासम्म राम्ररी गानो सुकाई हावादार, उज्यालो एवं छाँयादार कोठामा मुठा-मुठा (२५ देखि ४० वटा गानाको) पारी झुन्डाएर भण्डार गर्न सकिन्छ । यि तरिकाबाट लसुनलाई ५-६ महिना सहजै सुरक्षित राख्न सकिन्छ ।

## सन्दर्भ सामग्री :

(१) तरकारी खेती प्रबिधि (Vegetable Farming technology), चैत्र-२०६८, नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, कृषि व्यवसाय तथा तथ्यांक महाशाखा, सिंहदरबार, काठमाडौं, नेपाल
(२) लसुन खेतीको व्यवसायिक योजना - २०७२, नेपाल सरकार कृषि विकास मन्त्रालय कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, कृषि व्यवसाय प्रवर्धन कार्यक्रम, हरिहर भबन, ललितपुर
(३) हाम्रो सम्पदा राष्ट्रिय मासिक (Hamro Sampada National Monthly), मसलावाली विशेषांक, वर्ष-१५, अंक-६, २०७२ साल कार्तिक

प्रकाशकः कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, AFACI/ATIN आयोजना, सिंहदरबार, काठमाडौं ।